# नेपालका स्थानीय सरकारमा लैङ्गिक उत्तरदायी सुशासन प्रवर्द्धन

# Strengthening Gender-Responsive Local Government in Nepal

## परियोजनाको आधारभूत जानकारी

**परियोजनाको शिर्षकः** नेपालका स्थानीय सरकारमा लैङ्गिक उत्तरदायी सुशासन प्रवर्द्धन
Strengthening Gender-Responsive Local Government in Nepal

**परियोजना कार्यान्वयन गर्ने संस्थाः** साउथ एशिया पार्टनरसीप - नेपाल (साप - नेपाल), साप फल्चा, बबरमहल, काठमाडौं

**सहयोगी संस्थाः** अन्डेफ, संयुक्त राज्य अमेरिका

**परियोजना अवधि** : २४ मीहना

**परियोजना क्षेत्रः** सर्लाही जिल्लाका हरिपुर नगरपालिका ७ नं. वडा, बरथहवा नगरपालिका ८ नं. वडा, बसबरीया गाँउपालिका ३ नं. वडा र चन्द्रनगर गाँउपालिका ३ नं. वडा

**परियोजनाका प्रत्यक्ष लाभान्वित जनसंख्याः** १५०० मुसहर महिलाहरू (३० वटा मुसहर महिला सशत्तिकरण मञ्च)

कूल परियोजना लागतः रू. २,५६,८७,२००

क) कार्यक्रम लागतः रू. २,०४,६६,२७६.६० (८०%)

ख) प्रशासनिक लागतः रू. ५२,२०,९२३.४० (२०%)

## कार्यक्रमको संक्षिप्त विवरण :




यस परियोजनाले प्रदेश नं. २ को सर्लाही जिल्लाका दुई गाउँपालिका र दुई नगरपालिकाका मुसहर महिलाहरूको क्षमता तथा स्थानीय नीति निर्माण प्रकृयामा प्रतिनिधित्व अभिवृद्धि गर्दै लैङ्गिक उत्तरदायी स्थानीय सरकारको प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ । यस परियोजनाले मुसहर महिलाहरूको सशक्तिकरणका लागि मानव अधिकारमा आधारित निम्न तीन प्रमुख कार्य पद्दति अवलम्बन गर्नेछः १. आफ्नो अधिकारको खोजीका लागि मुसहर महिलाहरूको सशक्तिकरण गर्ने, २. स्थानीय सरकारका अधिकारीहरूमा समग्र जवाफदेहिता अभिवृद्धि गर्ने, ३. लैङ्गिक उत्तरदायी स्थानीय सरकार प्रवर्द्धनका लागि विकासका विभिन्न पात्रहरू विच अर्थात वहु-सरोकार साझेदारीको प्रयासलाई वढावा दिने ।

## पृष्ठभूमि :

विश्वको लैङ्गिक समानता सुचकांकमा नेपाल ११५ औं स्थानमा परेकोछ, यसले नेपालमा लैङ्गिक असमानता व्यापक भएको देखाउँछ । समाजमा जरा गाडेर रहेको पितृसत्तात्मक सामाजिक मान्यताले सृजना गर्ने लैङ्गिक भूमिकाका कारणले पनि महिलाहरूलाई प्राप्त हुने राजनीतिक अवसर हरूको सदुपयोग हुन सकिरहेको छैन । त्यस्तै महिलाहरूको साक्षरता दर पनि पुरूषहरूको तुलनामा निकै कम छ, महिला साक्षरता ५७ प्रतिशत छ भने पुरूष साक्षरता ७५ प्रतिशत छ । यसका अतिरिक्त आर्थिक अवसरहरूको पहुँच पनि महिलाहरूलाई निकै कम छ ।

यसरी समष्टिमा लैङ्गिक समानताको क्षेत्रमा नेपाल निकै पछाडि देखिन्छ भने अर्को पक्षमा सिमान्तकृत आदिवासि मुसहर महिलाहरू त लैङ्गिक समानताको हिसावले झन् धेरै पछाडि पारिएका छन् । उनीहरू उच्च जाति भनिनेहरूबाट, पितृशत्तात्मक राज्य संरचनावाट र उनिहरूको नेतृत्व क्षमताको कदर नगर्ने पुरूषप्रधान समाजवाट बहुआयामित तवरले उत्पिडित छन् ।

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा मुसहरको जनसंख्या २३४,४९० छ, जुन देशको सम्पूर्ण जनसंख्याको ०.८ प्रतिशत हो । सर्लाही तराईका अविकसित जिल्लाहरू मध्ये एक हो, यहाँ १४,१३७ मुसहरहरूको जनसंख्या छ, जस्मा ४८ प्रतिशत महिला छन् ।

नेपालको संविधान २०७२ ले महिलाहरूका लागि विशेषगरी स्थानीय तहहरूमा ४० प्रतिशत सीटहरू सुरक्षित गरेको छ । तीन चरणको स्थानीय निर्वाचनबाट करिव १४,००० महिलाहरू निर्वाचित भएको एशिया फाउण्डेशनको प्रतिवेदन २०१७ ले जनाएको छ । यद्यपि, राष्ट्रिय राजनीतिमा एक जना पनि मुसहर महिला देखा परेका छैनन् भने स्थानीय स्तरमा पनि नगन्य मात्रामा मात्रै प्रतिनिधित्व भएको छ । यसले पनि यी मुसहर महिलाहरू कत्तिको सिमान्तिकृत तथा वहिस्कृत छन् भन्ने प्रष्ट पार्दछ । यस परियोजनाले सम्वोधन गर्ने प्रमुख समस्या भनेको स्थानीय सरकारी संयन्त्रमा मुसहर महिलाहरूको न्यून सहभागिताको विविध मुद्दाहरू हुन् ।

## कार्यक्रमको मुख्य उद्देश्य :

नेपालको प्रदेस २ का २ नगरपालिकाहरू र २ गाउंपालिकामा मुसहर महिलाहरूको सशक्तीकरण गर्ने, लैङ्गिक उत्तरदायी स्थानीय सुशासन प्रवर्द्धन गर्ने तथा निर्णय प्रक्रियामा उनीहरूको अर्थपूर्ण सहभागीता एवं प्रतिनिधित्व बढाउने ।

## परियोजनाका अपेक्षित उपलब्धीहरूः

१. सिमान्तकृत मुसहर महिलाहरूको स्थानीय सरकार तथा योजना निर्माण प्रकृयामा सहभागिता अभिवृद्धिका लागि क्षमता अभिवृद्धि तथा सञ्जाल निर्माण ।

२. स्थानीय सरकारी निकाय तथा पदाधिकारीहरू र पुरुष सहकर्मीहरूको जवाफदेहितामा अभिवृद्धि ।

३. नागरिक समाज तथा नागरिक समाज संस्थाहरू, संचारकर्मी तथा नीति निर्माताहरू विच प्रभावकारि सहकार्यमा अभिवृद्धि ।

UNDEF The United Nations Democracy Fund — FNUD Fonds des Nations Unies pour la démocratie

SAP-NEPAL

## परियोजनाको कार्य पद्धति :

### १. सशक्तिकरण पद्धतिः

क) नेतृत्व क्षमता विकास

ख) स्थानीय समुदायमा लैङ्गिक भेदभाव न्यूनिकरण

ग) लैङ्गिक उत्तरदायी नीति निर्माण

### २. पारस्परिक जवाफदेहिता पद्धतिः

क) स्थानीय सरकारी निकायहरूमा लैङ्गिक मैत्री सुशासन प्रवर्द्धन

ख) मुसहर महिलाहरूको स्थानीय बजेट, योजना तथा नीति निर्माण प्रकृयामा सहभागिता सुनिश्चित गर्न स्थानीय सरकारको जवाफदेहिता अभिवृद्धि

### बहुसरोकारवाला साझेदारी पद्धतिः

क) स्थानीय नीकायमा मुसहर महिलाहरूको प्रतिनिधित्व वढाउनका लागि नागरिक समाज तथा सञ्चार क्षेत्रको संयुक्त अभियानहरू संचालन

ख) मुसहर महिलाहरूको मुद्दालाई अर्थात आवाजलाई वुलन्दगर्न संघ संस्था तथा सञ्जाललाई सहयोग








### अधिकारवालाहरूको सशक्तिकरण

- मुसहर महिला घुम्ति प्रशिक्षकका लागि दुईवटा प्रशिक्षक प्रशिक्षण
- ४५० मुसहर महिलाका लागि १५ वटा ग्रामीण तहमा बजेट निर्माण प्रकृयामा संलग्न हुने तालीम
- १५०० मुसहर महिलाहरूका लागि ३० मुसहर महिला क्षमता सशक्तिकरण मञ्च (५० प्रति मञ्च) गठन
- १५० मुसहर घरपरिवारका लागि चार उपसमूहमा ५ वटा छुट्टाछुट्टै लैङ्गिक उत्तरदायी सामाजिक व्यवहार परिवर्तन तथा मूल्य मान्यता सम्बन्धी अभिमुखीकरण सत्रहरू
- छानिएका १०० जना स्थानीय पदाधिकारीहरूका लागि एक दिने ४ वटा संचेतना कार्यक्रम (प्रत्येकमा २५ जना)
- २४० सेवा प्रदायकहरूका लागि ८ वटा ३ दिने ग्रामीण संचेतना कार्यक्रम
- मुसहर महिलाहरूको अवस्था र अबसर सम्बन्धी सूचना नगरपालिकाहरूका वेभ साइटमा समावेश गर्न सहयोग गर्ने
- १३ वटा मुसहर महिला मंचद्वारा नगरपालिका तहमा संयुक्त सामाजिक अभियान संचालन
- मुसहर महिलाहरूका लागि जनवकालतका सामाग्रीहरू वेभसाइटमा तथा अनलाई प्लेटफर्ममा समाविष्ट तथा अध्यावधिक गर्ने

### सेवा प्रदायकहरूको जवाफदेहिता प्रवर्धन तथा नागरिक समाजको ऐक्यवद्धता

- सामाजिक जवाफदेहिताको अनुगमनकोलागि मुसहर महिला अगुवाहरूको सकृयतामा नागरिक प्रतिवेदन कार्डको अभ्यास
- दुईवटा सहभागितात्मक सार्वजनिक सुनुवाई/सार्वजनिक परिक्षण संचालन
- मुसहर महिला अगुवाहरूको अग्रसरतामा १६ वटा नगरपालिका स्तरिय नीतिगत छलफल संचालन
- नागरिक समाज, संचार तथा नीति निर्माताको संलग्नतामा २ वटा प्रदेश स्तरिय नीति तथा अभ्यास सम्वन्धि अन्तर कृया संचालन
- स्थानीय संचारकर्मीहरूको संलग्नतामा १५० सामुदायिक रेडियो कार्यक्रमहरू संचालन
- असल अभ्यासबाट सिक्नका लागि शैक्षिक भ्रमण कार्यक्रम संचालन
- "परियोजनाका सिकाई" टेलिभिजन कार्यक्रम संचालन




UNDEF The United Nations Democracy Fund FNUD Fonds des Nations Unies pour la démocratie

SAP-NEPAL